# वार्षिक कार्य प्रगति प्रतिबेदन २०७६

लामो समयको अन्तरालबाट शंकलनकर्ता स्व. श्री छविरमण उपाध्याय रिमालद्धारा संकलित देश तथा विदेशमा रहनुभएका रिमालहरुको विवरण (बंशावली २०५८ सालमा) प्रकाशीत भएको कुरा यहाहरु सबैलाई अवगत नै छ । र यो रिमाल समाज त्यसैको जग मा आज उभिएको छ मैले यो आर्थिक वर्ष २०७६/७७ को कार्य प्रगति विवरण भनि रहदा फेरी एक पटक उहा प्रति नमन । आज म विगतका वर्षहरू भन्दा अलि बढी खुसी र उत्साहीत छु । किनकी सुधार सहितको नमुना वंशावलीको दोश्रो संस्करण अझ बढी सुधार र परिमार्जनको लागी तपाइहरू समक्ष राख्न पाउदा । र यसमा गर्नु पर्ने सुधारहरू तपाइहरूले गरीदीनुहुनेछ ।

समय अनुसार बैज्ञानिक प्रविधी अनुसार रिमालहरुको अभिलेख चुस्त दुरुस्त राख्ने भन्ने भावना अनुसार नै रिमाल वंशावली प्रकाशन समितिको नाम बाट भई रहेको सम्पुर्ण कार्यहरुलाई रिमाल समाजको नामाकरण गरी जिल्ला प्रशासन कार्यालयमा आ.ब. २०६७/०६८ मा द.नं. ७४४ जिविस ७६७, समाज कल्याण परिषदमा आवद्धता नं. ३१८१५ र पान नं. ३०४९६०५१ मा दर्ता गरी उक्त समयमा अधुरा रहेका कार्यहरुलाई पुरा गर्ने बाटो तर्फ अगाढी बढेको छ । जसको फलस्वरूप तपाइहाम्रो हातमा रहेको नमुना वंशावलीको दोश्रो संस्करण हो ।

जस अनुरुप यस रिमाल समाजको सुरूवाती अवस्थाबाटै रिमाल समाजले www.rimalsociety.org.np र www.rimalsociety.com.np दर्ता गरि डाटावेसको लागी www.hamrofamily.com मा बंशावलीका सम्पुर्ण कुराहरू राखि सकिएको छ । पुर्व प्रकाशीत वंशावलीमा नजोडीएका २३ परिवारलाइ यो संस्करणमा जोडीइसकीएको छ । अझै पनि केही परिवार हरू जोडिन सक्नु भएको छैन उहाहरूको लागी हामी निरन्तर प्रयासमा रहने छौ । यस महान अभियानमा रिमाल समाजका केन्द्रिय कार्यसमितीका पधाधीकारीहरूका साथै रिमाल समाजका सम्पुर्ण साखाहरू कृयाशील भइ वंशावली शंकलनमा महत्वपुर्ण भुमिका खेल्नु भएको छ । उहाहरू सबैलाइ यो साथको लागी धेरै धेरै धन्यवाद दिन चाहन्छु । रिमाल परिवार तथा समाज संग जानकारी प्राप्त भए सम्मका सूचना तथा समाचार हरु पनि उक्त वेव साइट तथा रिमाल समाज नामक फेसबुक टवीटर तथा गुगल प्लस बाट प्रचार प्रशार भई रहेको छ । रिमाल सम्बन्धी समाचारहरू रिमाल समाजको वेव साइट तथा रिमाल समाजको फेसबुक वा गुगल प्लसलाइ मात्र अधार मान्न हुन सबैलाइ अनुरोध छ ।

हामीलाई विश्वास छ दुर दराजका बन्धुहरुसंगको सूचना आदान प्रदान गर्न यो एउटा सजिलो माध्यम बनेको छ । हामीले यसैलाई हाम्रो आधिकारीक धारणा तथा सूचना आदान प्रदान गर्न प्रयोग गरेका छौ ।

रिमाल समाज केन्द्रिय कार्य समितिले गत वर्षको अवधिमा रिमाल हरु बसोबास गरेका जिल्लाहरुमा शाखाहरु खोली शाखाहरुलाई क्रियाशिल बनाई अझ  व्यवस्थीत बनाउने भन्ने रहेकोमा हामीले पूर्वाञ्चलका केही

जील्लाहरु, लमजुंग,मोरंग, झापा, पाचथर र पूर्वाञ्चलमा समन्वय गर्ने पूर्वाञ्चल समन्वय समिति, पर्वत, कास्की स्याङजा र गण्डकी प्रदेश स्तरीय समिती, कैलाली, दोलखा, नुवाकोट, दैलेख समेत शाखा विस्तार भै सकेको छ र अन्य जिल्ला वा स्थान हरुमा पहल भै रहेको छ । देशै भरी शाखा विस्तार गरी सम्पुर्ण रिमालहरूलाइ एकसुत्रमा बाध्ने हाम्रो अभियान चलीरहनेछ ।

र अन्तमा हाम्रो उद्देश्यहरु शिक्षा र स्वास्थ्य पनि हो जसमा विगतका वर्षदेखि यस रिमाल समाजका पुर्व अध्यक्ष स्व.श्री निर्मल कुमार रिमाल ज्यूले रु खडा गर्नु भएको कोषको व्याज बाट प्राप्त रकम निर्मल निरा शैक्षीक पुरस्कार जुन एस एलसी हुदै हाल एसइइ मा उत्कृष्ठ अंक ल्याउने भाई बहिनीहरुलाई वितरण गरिदै आएको छ ।

यस्तै सम्मानित गर्ने क्रममा ९० वर्ष उमेर पुग्नु भएका जेस्ठ रिमाल हरुलाई समेत सम्मान गरिदै आएको छ । र यो क्रम पनि सधै  नै चलिरहने छ ।  .

साथै रिमाल बंश मा जन्मियर देश विदेश मा ख्याती कमाउनु भएका बन्धु हरुलाई समेत सम्मान गरिदै आएको कुरा यहाँ हरुलाई सर्वबिदितै छ ।

यस्तै विगत २ वर्ष अधि देखी स्व दिवाकर प्रसाद रिमालको धर्म पत्नी निरा रिमालले  शिक्षाकोष खडा गरी आर्थीक रूपले विपन्न बन्धुहरूलाइ शैक्षीक सामाग्री लगायत विध्यालय पोशाक उपलव्ध गराउदै आएकोमा गत वर्ष दोलखाका बन्धुहरूलाइ उपलव्ध गराइएको ।

रिमाल समाजले अहिले सम्म बम्शावाली संकलन कर्ता स्व छबिरमण रिमाल ।  बम्शावाली प्रकाशन समितिका अध्यक्ष स्व भोगेंद्रनाथ रिमाल साहित्यकार स्व गोपाल प्रसाद रिमाल, बासु यात्री रिमाल, लाइ मरनोपरांत सम्मान र साहित्यकार भैरब नाथ रिमाल नाटककार हरि प्रसाद रिमाल, खेलकुद क्षेत्रका धावक हरि रिमाल नेपाली राष्ट्रिय झण्डाका निर्माता वरिष्ठ इन्जिनियर शंकर नाथ रिमाल, बिज्ञान तथा प्रबिधि क्षेत्र मा उल्लेख्य कार्य गर्दै आउनु भएका राम र लक्ष्मन रिमाल समाज सेवा मा उल्लेख्य कार्य गर्दै आउनु भएका रामहरी बाजे र महाकवी नरेन्द्र नाथ रिमाल को महाभारत मा बिध्यबरिधि गर्नु हुने डा मधुसुदन लामिछाने, वरिष्ठ राजनीतीक समालोचक अरविन्द नाथ रिमाल लाइ समेत सम्मान गरि सकिएको छ । अगामी दिनमा पनि रिमाल वंशमा रहेर देश तथा विदेशमा रहनु भएका कुना कन्दरामा रहनु भएका रिमाल वंशको नाउ उचोस्थानमा पुर्याउन अथक योगदान गर्नुहुने बन्धुहरूलाइ समाजले सम्मानित गर्दै लैजाने छ ।

रिमाल समाजले हरेक वर्ष झै यो वर्ष पनि विभीन्न संस्थाहरूसंगको सहकार्यमा रक्तदान कार्यक्रम संचालन गरी सफलतापुर्वक सम्पन्न गरेको थियो ।

त्यस्तै गत लमजुङ जिल्ला शाखाको पहलमा लमजुङ जिल्ला स्थीत बेसीशहर नगरपालीकामा रिमालहरूको कुल मन्दिर सिलान्यास तथा लमजुङ जिल्ला शाखाको साधारण सभामा रिमाल समाज केन्द्रिय कार्य समितीका सल्लाहकार वरिष्ठ इन्जीनियर शंकरनाथ रिमालको नेतृत्वमा उपाध्यक्ष यमबहादुर रिमाल महासचिव रवि रिमाल सदस्यहरू महेश्वर रिमाल, झलक रिमाल, चितवन जिल्लाशाखाका उपाध्यक्ष हरी रिमाल लगायत संरक्षक धन बहादुर रिमालका साथै सदस्य प्रदिप रिमालको सहभागीता रहेको उक्त कार्यक्रम सफलता पुर्वक सम्पन्न गरीएको।

देशको सुन्तर नगरी पोखामा गण्डकी प्रदेश स्तरीय भेलामा त्यस क्षेत्रका प्राय सबै जिल्लाका बन्धुहरूको प्रतिनिधीत्व भएको र सो भेलाले महेश्वर रिमालको अध्यक्षतामा प्रदेश स्तरीय समिती निर्माण गरेको । जसको लागी केन्द्रिय अध्यक्ष डिल्लीराम रिमाल, उपाध्यक्ष यमबहादुर रिमाल, उपाध्यक्ष इश्वरी रिमाल महा सचिव रवि रिमाल, कोषाध्यक्ष शुरेश कुमार रिमाल, सदस्यहरू महेश्वर रिमाल, झलक रिमाल संरक्षक धनबहादुर रिमाल को सहभागीता रहेको र कार्यक्रम सफलता पुर्वक सम्पन्न गरीएको।

त्यस्तै दोलखा जील्लामा कुल मन्दिर सिलान्यास कार्यक्रम सम्पन्न गरीएको । जसमा केन्द्रिय अध्यक्ष डिल्लीराम रिमाल, उपाध्यक्ष इश्वरी रिमाल महा सचिव रवि रिमाल, सदस्य भास्कर रिमाल, को सहभागीता रहेको र कार्यक्रम सफलता पुर्वक सम्पन्न गरीएको।

त्यस्तै रिमालहरूको उदगम स्थल अछाममा महा शिवरात्रीको पावन अवसरमा कुल मन्दिर सिलान्यास कार्यक्रममा केन्द्रिय अध्यक्ष डिल्लीराम रिमाल, उपाध्यक्ष राम प्रसाद उपाध्याय रिमाल उपाध्यक्ष इश्वरी रिमाल उपाध्यक्ष यम बहादुर रिमाल महा सचिव रवि रिमाल, सदस्य शिव प्रसाद उपाध्याय रिमाल चितवन शाखाका उपाध्यक्ष हरि रिमाल सदस्य भास्कर रिमाल, का साथै संस्थापक सदस्यहरू, हरि उपाध्याय रिमाल, र पुर्ण उपाध्याय रिमाल को र डम्बर उपाध्याय रिमालको सहभागीता रहेको र कार्यक्रम सफलता पुर्वक सम्पन्न गरीएको ।

त्यस्तै कैलाली शाखाको पहलमा कैलाली जील्लामा कुल मन्दिर सिलान्यास कार्यक्रममा केन्द्रिय अध्यक्ष डिल्लीराम रिमाल, उपाध्यक्ष इश्वरी रिमाल उपाध्यक्ष यम बहादुर रिमाल महा सचिव रवि रिमाल, चितवन शाखाका उपाध्यक्ष हरि रिमाल सदस्य भास्कर रिमालको सहभागीता रहेको र कार्यक्रम सफलता पुर्वक सम्पन्न गरीएको ।

हामीले देशै भरी चलाएको यो अभियानमा सबैको सहयोग र साथ रहोस भन्ने अासा रहेको छ ।

**अागामी कार्यक्रम**

अब अागामी दीनमा गर्नु पर्ने कार्यक्रम हरूमा वंशावलीमा अझै पनि छुट हुनु भएकाे छ भने प्रकाशीत नहुनजेल सम्म समावेश गर्नकाे लागी फाराम खुल्ला गर्ने ।

रिमालहरूका छरिएर रहेका प्रतिष्ठानहरूलाइ उहाहरूकै भावना अनुसार संचालनकाे लागी पहल गर्ने ।

रिमाल समाजकाे आफ्नै भवन निर्माणको लागी पहल गरी रहने

सदस्यता शुल्क मा परिमार्जन गर्ने

जसमा विगतमा गाविस र मा आजीवन सदस्यताको २५०० र सो भन्दा माथी वसाेवास गर्ने को लागी ५००० भएको मा अब गाविस को लागी ५००० र सो भन्दा माथीकाे लागी २५००० बनाउनु पर्ने

साधारण सदस्यताकाे हकमा गाविसहरूका लागी प्रत्येक कार्यकाल अर्थात ३ वर्षकाे लागी ५०० र नगरकाे लागी १००० गर्ने

रिमाल समाजकाे केन्द्रिय सल्लाहकार बाट एकलाखको कोष स्थापना गर्नै तथा संरक्षकहरूबाट घटीमा ३ लाखकाे को कोष स्थापना गरी उक्त रकमकाे व्याज बाट रिमाल समाजका उद्‌देश्य हरू पुरा गर्दै जाने

रिमाल समाजले स्वास्थ्य कोष पनि बनाउन अवस्यक छ । साधारण उपचार नपाएर पनि कोही रिमाल नमरून भन्ने रिमाल समाजको चाहना हो । यो कोषमा पनि सहयोगी मनहरूको अवस्यकता छ । सदस्यता रकमबाट उठेको कोषले यी कार्य गर्न प्राय असम्भव छ ।

जुन आज नै हामीले प्रतिबद्दता जाहेर गर्ने छौ र रकम पनि संकलन गर्ने छौ र अर्को कुरा रिमाल समाजको चाहना हो सम्पुर्ण रिमालहरुको कार्यक्रम एउटै होस, एक दिनमा मनाउन नपाईए रिमाल सप्ताहको रुपमा मनाउन पाईयोस, भन्नुको मतलव कोही कसैको स्वयको पिता पुर्खाको प्रतिष्ठानहरु छन भने यसै संस्थाबाट गर्न पाए देशमा राम्रो समाचार सम्प्रेषण हुन्थ्यो । यसो गर्दा रिमाल समाजलाई पनि राम्रो हुन्थ्यो किनकी एकै दिन एउटै ठाउमा एउटै खर्चमा सम्पुर्ण कार्यहरु हुन्छन भने बचेको रकम रिमाल समाजको लागी हुन जान्छ र रिमाल समाज आथिक रुपले सवल हुदै जान्छ ।

जुन रकम बाट पढ्नबाट वञ्चीन भएका र स्वास्थ्य उपचार नपाएर छलपटिएका रिमालहरुको लागी मलजल हुनेछ । एउटा रिमालले अर्को रिमाललाई सहयोग गर्नु पहिलो दायीत्व हो । त्यसैले हामीले भन्छौ सदस्य नहुनुभएका रिमालहरुलाई सदस्य हुनु पर्यो, तथा शहरी क्षेत्र तथा काठमाण्डौ उपत्यका भित्र बसोबास गर्ने रिमाल हरु १ घर १ आजिवन सदस्य हुनु पर्यो,

मैले अघिल्लो वर्षको प्रतिवेदनमा पनि भनेको थिए योवर्ष पनि पुन दोहोर्याउछु । रिमाल समाजको सवल अझ आर्थिक पक्ष बलियो हुनु पर्छ आर्थिक पक्ष बलियो बनाउन हामी सबैले सहयोग गर्नु पर्छ सहयोग जवरजस्ती होईन स्वेच्छाले

र अन्तमा

हामी हाम्रो उद्‌देश्य अनुसार अघि बढ्दा साना तिना बाधा अडचन आए पनि पछि हड्ने छैनौ । हाम्रो यात्रा नसकी हामी पछाडी फर्कने छैनौ जय रिमाल समाज